चैत्र,२०७५

# प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कष्टमाईज्ड तालिम पाठ्यक्रम

## आधारभूत तह (कक्षा १–३ )

## कष्टमाइज्ड पाठ्यक्रम

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

# विषयसूची


| क्र. स. | विषयबस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | परिचय | १ |
| २ | तालिमको सक्षमता | १ |
| ३ | तालिमको विषयवस्तु | १ |
| ४ | तालिम कार्यान्वयन कार्यविधि | २ |
| ५ | तालिम मूल्याङ्कन | ४ |
| ६ | कार्ययोजना तथा प्रतिबद्धता | ४ |

## १. परिचय

शिक्षक पेशागत विकास एक निरन्तर प्रक्रिया हो । गतिशिल समय अनुरुप शिक्षण सिकाइमा आइरहेका शिक्षण विधि, नवीनतम प्रविधि, उपागम एवम् तरिकाहरु अनुरुप शिक्षण गर्ने दायित्व शिक्षकको हो । त्यसका लागि शिक्षकको निरन्तर पेशागत विकास आवश्यक हुन्छ । यसै कुरालाई मध्यनजर गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रले शिक्षकको पेसागत विकास कार्यक्रमका लागि शिक्षक तालिम अर्न्तगत प्रमाणीकरण, पुर्नताजगी र स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिमको व्यवस्था  गरेको छ ।

प्रारम्भिक तहमा पढाइ सिपको विकासले विद्यार्थीको समग्र सिकाइ उपलब्धीमा प्रभाव पार्ने कुरा प्रारम्भिक कक्षा पढाइ सिप परीक्षण प्रतिवेदन (२०१४) लगायतका विभिन्न अध्ययनहरूले देखाएका छन । शिक्षाको गुणस्तर सुधारका लागि प्रारम्भिक कक्षामा साक्षरता र सिकाइलाई विशेष जोड दिने व्यवस्थालाई विद्यालय क्षेत्र विकास कार्यक्रमले यसलाई निरन्तरता दिएको छ । यसै सन्दर्भमा नेपाल सरकारले कक्षा १–३ का सबै विद्यार्थीहरूमा पढाइ सिप सुधारका लागि “राष्ट्रिय प्रारम्भिककक्षा पढाइ कार्यक्रम” (रा.प्रा.क.प.का.) समेत लागू गरेको छ । शिक्षक पेशागत विकासको लागि प्रमाणीकरण तालिम प्राप्त गरिसकेका शिक्षकहरुका लागि थप पेशागत विकास र शिक्षकले यस अघि नै प्राप्त गरिसकेका ज्ञान र सीपलाई अझ सुदृढीकरण गराउन यो पांच दिने कष्टमाईज्ड तालिम पाठ्यक्रमको विकास गरिएको हो ।

## २. तालिमको सक्षमता

आधारभूत तहको कक्षा १, २ र ३ मा अध्यापनरत शिक्षकहरूको पेसागत क्षमता विकासमा सहयोग पुर्‍याउने उद्देश्यले यस पाठ्यक्रमको विकास गरिएको हो । यस तालिम पश्चात सहभागी शिक्षकहरुमा निम्न सक्षमताहरु विकास हुने अपेक्षा गरिएको छ :

- क्रमिक सिकाइ विधिको औचित्यपूर्ण प्रयोग
- सिकारुको बहुप्रतिभा र विविधता अनुकुल सिकाइ सहजीकरण
- शैक्षणिक तथा सन्दर्भ सामग्रीको अधिकतम उपयोग
- पढाइ सिप विकासका लागि तत्त्वगत क्रियाकलापहरुको व्यवस्थित र क्रमवद्ध सञ्चालन

## ३. तालिमका विषयवस्तु

o; tflndsf nflu tf]lsPsf d'Vo ljifoj:t'x¿ b]xfoadf]lhd /x]sf 5g\ M

| क्र.स. | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सत्र संख्या |
|---|---|---|---|
| १ | **शिक्षण सिकाइ सहजीकरण** | • प्रारम्भिककक्षा पढाइ कार्यक्रमको सन्दर्भ र अनुभव आदानप्रदान | १ |
| | | • क्रमिक सिकाइ विधिको अभ्यास | १ |
| | | दोस्रो भाषाको रुपमा नेपालीभाषा शिक्षण सहजीकरण | १ |

| | | | |
|---|---|---|---|
| | | | |
| | | ● शिक्षणमा नविनतम विधिहरुको प्रयोग (शिक्षणमा बहुप्रतिभा (multiple intelligence/ability) को प्रयोग) | २ |
| २ | **शैक्षणिक सामग्रीहरुको प्रयोग** | ● शैक्षणिक/सन्दर्भ सामग्रीहरुको परिचय र प्रयोग<br>● कक्षा कोठा प¬स्तकालयको व्यवस्थापन र उपयोग | १ |
| ३ | **पठन तत्वगत अभ्यास** | **पठन तत्वगत क्रियाकलापहरुको नमुना प्रस्तुती र अभ्यास**<br>● पठन तत्वगत एकीकृत नमूना शिक्षण | १ |
| | | **पठन तत्वगत क्रियाकलापहरुको अभ्यास र पृष्ठपोषण**<br>● ध्वनि सचेतिकरण (ध्वनि सुन्ने, ध्वनि चिन्ने, ध्वनि टुक्रयाउने, ध्वनि जोड्ने, ध्वनि थप्ने, ध्वनि झिक्ने आदि)<br>● लेख्यवर्ण सचेतिकरण (वर्ण, मात्रा चिनारी र लेखन, शब्द लेखन आदि)<br>● पठन प्रवाह (वर्ण पठन, मात्रा सहितको वर्ण पठन, शब्द, शब्द पठन, वाक्य, वाक्य पठन, अनुच्छेद पठन)<br>● शब्द भण्डार(उच्चारण, हिज्जे, अर्थ र प्रयोग)<br>● पठन वोध(पूर्वाअनुमान, घटना वर्णन, प्रश्नोत्तर, सार संक्षेपीकरण आदि)<br>● लेखाइ (अनुलेखन, श्रुतिलेखन, वाक्य लेखाइ, बोध लेखाइ, सिर्जनात्मक लेखाइ) | ५ |
| | **विद्यार्थी मूल्यांकन** | ● विद्यार्थी मूल्यांकन र सुधारात्मक शिक्षण | १ |
| ४ | **विविध** | ● प्रिटेष्ट, पोष्ट टेष्ट, अपेक्षा संकलन र सम्बोधन, तालिम कार्यान्वयन योजना, | २ |
| | **जम्मा सत्र** | | १५ |

## ४. तालिम कार्यान्वयन कार्यविधि

### क. तालिमको अवधि

यो तालिम पाँच दिन अवधिको हुनेछ । पाँचै दिन आमने सामने पद्धतीबाट शिक्षा तालिम केन्द्र मार्फत तालिम सञ्चालन हुनेछ । प्रति दिन तिन सत्रका दरले पाँच दिन

अबधिमा १५ ओटा सेसनहरु सञ्चालन हुनेछन । प्रति सेसन एक घण्टा ३० मिनेटको हुनेछ ।

**ख. तालिमको लक्षित समूह**

यस तालिमको लक्षित समुह सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १, २ र ३ मा अध्यापनरत नेपाली विषयका शिक्षकहरु हुनेछन् । सहभागी छनोटका लागि शिक्षा तालिम केन्द्रले सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ, स्थानिय तह तथा विद्यालयहरुसंग आवश्यक सहकार्य गर्नेछ ।

**ग. तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया**

- आधारभूत तहका  कक्षा १, २ र ३ मा नेपाली विषय अध्यापन गराउने शिक्षकहरुका लागि तालिम कार्यक्रम शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुनेछ ।
- शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको २०% अर्थात ३ सेसनसम्म विषयबस्तु शिक्षा तालिम केन्द्रले स्थानीय सरोकारवालाहरुको परामर्शमा परिमार्जन तथा समायोजन गर्न सक्नेछ .
- शिक्षा तालिम केन्दले स्थानीय आवश्यकता अनुसार ५ दिनको छुट्टै तालिम पाठ्यक्रम विकास गर्न सक्ने छ । यसरी विकास गरिएको पाठ्यक्रम शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन गर्नु पर्नेछ ।

**घ. तालिम सहजीकरण**

- शिक्षा तालिम केन्द्रका विषय विज्ञ प्रशिक्षक वा रोष्टर प्रशिक्षकबाट तालिम सेसन सहजीकरण गरिने छ । रोष्टर प्रशिक्षक छनोट गर्दा शिक्षकको पेसागत विकास प्रारुप, २०७२ ले तोकेको आधार पुरा गरेको व्यक्ति हुनुपर्दछ ।
- तालिमका सेसन सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चाार प्रविधिलाई अधिकतम उपयोग गर्नु पर्नेछ ।
- तालिमका लागि आबश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य सामग्रीहरु तालिम सञ्चालन अगावै व्यबस्था गर्नुपर्नेछ ।
- सिकाइ सहजीकरणका विधि तथा सूचना प्रविधिलाई पाठ्यक्रमका विषयगत विषयबस्तुसँग आबद्ध गरेर मात्र प्रयोग गर्नुपर्नेछ ।
- तालिम सञ्चालन गर्दा शिक्षा तथा मानवस्रोत विकास केन्द्र द्वारा विकास गरिएको तालिम सामग्रीको आधारमा सञ्चालन गर्नुपर्नेछ । सो सामग्रीका अलावा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दि“दै आवश्यकताअनुसार देहायबमोजिमका विधि वा बहुविधि उपयोग गर्न सकिने छ :
    - ✓ प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
    - ✓ अन्तरक्रिया विधि
    - ✓ छलफल तथा समूह कार्य विधि
    - ✓ परियोजना कार्य विधि
    - ✓ अवलोकन विधि
    - ✓ मामला अध्ययन
    - ✓ समस्या समाधान र स्वअध्ययन विधि

- ✓ खेल विधि
- ✓ समूह शिक्षण विधि

**५. तालिम मूल्यांकन**

क. यस तालिममा सहभागी शिक्षकहरुको मूल्याङ्कन निरन्तर रुपमा उनीहरुले तालिमका दौरान निभाएको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिता र दैनिक उपस्थितिका आधारमा गरिनेछ । छलफल, समुह कार्य र प्रस्तुतिका साथै प्रिटेष्ट तथा पोष्टटेष्ट पनि मूल्याङ्कनका आधार हुनेछन् ।

ख. सहभागी शिक्षकहरुलाई तालिम प्रश्चात तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिनेछ ।

**६. कार्ययोजना तथा प्रतिबद्धता**

क. सहभागीहरुले तालिम अवधिमा सिकेका ज्ञान तथा सीपको आधारमा विद्यालयमा गई प्रयोग गर्न सकिने कम्तिमा पाँच ओटा कार्यको कार्ययोजना बनाइ प्रस्तुत गर्नुपर्नेछ ।

| क.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

ख. तालिम अवधिमा निर्माण गरिएका पाठयोजना समेत कार्ययोजनामा आबद्ध गरी कक्षा शिक्षण गर्नुपनेछ ।

ग. सहभागीहरुले कार्ययोजना बमोजिमका सुधारहरु गर्ने प्रतिबद्धता शिक्षा तालिम केन्द्र समक्ष गर्नु पर्नेछ ।

घ. शिक्षकले जाहेर गरेको प्रतिबद्धता शिक्षा तालिम केन्द्रले विद्यालयलाई जानकारी गराउनुपर्नेछ ।

ΩΩΩ